५.	श्री महेश प्रसाद काफ्ले	स्वतन्त्र सञ्चालक	५९	नेपाली	स्थायी ठेगाना: तानसेन - ०२, पाल्पा हालको ठेगाना: टोखा - ०५, काठमाडौं	एम.बि.ए.	– प्रमुख कार्यकारी अधिकृत - कामना सेवा विकास बैंक लिमिटेड (सन् २००९ देखि २०१८ सम्म)। – उपप्रबन्धक - सिद्धार्थ फाईनान्स लिमिटेड (सन् २००० देखि २००७ सम्म)। – शाखा प्रबन्धक - पश्चिमाञ्चल फाईनान्स लिमिटेड (सन् १९९७ देखि २००० सम्म)। – अधिकृत - पश्चिमाञ्चल ग्रामिण विकास बैंक (सन् १९९५ देखि १९९७ सम्म)।
६.	श्री नैना नेपाल ढकाल	स्वतन्त्र सञ्चालक	६८	नेपाली	स्थायी तथा हालको ठेगाना: काठमाडौं - १०, काठमाडौं	मानविकी र सामाजिक शास्त्राचार्य (अर्थशास्त्र)	– नेपाल सरकारको कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत राजपत्राङ्कित द्वितीय श्रेणीको नेपाल कृषि सेवा "एग्री इको एण्ड मार्केटिङ" समूहको वरिष्ठ कृषि तथा अर्थ विज्ञको पदमा कार्य गरेको अनुभव (सन् २००९ देखि २०१५ सम्म)। – नेपाल सरकारको कृषि मन्त्रालय अन्तर्गत राजपत्राङ्कित तृतीय श्रेणीको नेपाल कृषि सेवा "एग्री इको मार्के. एण्ड स्टा" समूहको सहायक योजना अधिकृतको पदमा कार्य गरेको अनुभव (सन् १९९३ देखि २००९ सम्म)।

१०. योजना व्यवस्थापकको उच्च व्यवस्थापकीय तहमा कार्यरत कर्मचारीहरुको नाम, उमेर, शैक्षिक योग्यता, व्यवसायिक अनुभव सम्बन्धी विवरण :

क्र.सं.	कर्मचारीको नाम	पद	उमेर	शैक्षिक योग्यता	अनुभव
१	श्री निर्मल भट्टराई	प्रमुख कार्यकारी अधिकृत	३६	चार्टर्ड एकाउन्टेन्सी	विगतमा : -चतुर्वेदी एण्ड शाह एशोशिएट्स, चार्टर्ड एकाउण्टेण्ट्स (दिल्ली, भारत) मा ३ वर्षको इन्टर्नसीप। - एस.आर.पाण्डे एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेण्ट्समा १ वर्ष १० महिनाको कार्य अनुभव। हाल : - गरिमा क्यापिटल लिमिटेडमा ९ वर्ष भन्दा बढीको कार्य अनुभव।
२	श्री अशोक सुवेदी	सहायक प्रमुख कार्यकारी अधिकृत	३६	चार्टर्ड एकाउन्टेन्सी, बी.कम.	विगतमा : - दवीन्दर के जैन एण्ड एशोशिएट्स, चार्टर्ड एकाउण्टेण्ट्स (दिल्ली, भारत) मा ३ वर्षको इन्टर्नसिप। - साविकको ऐपेक्स डेभलोपमेन्ट बैंक लिमिटेड (हालको कुमारी बैंक लिमिटेड) मा ७ महिनाको कार्य अनुभव। - साविकको स्वदेशी लघुवित्त वित्तीय संस्था लिमिटेड (हालको एन आई सी एशिया लघुवित्त लिमिटेड) मा ३ वर्ष ७ महिनाको कार्य अनुभव। हाल : - गरिमा क्यापिटल लिमिटेडमा करिब ७ वर्षको कार्य अनुभव।
३	श्री तुल्सी प्रसाद आचार्य	प्रमुख व्यापार अधिकृत	३९	एम.बि.ए (फाईनान्स) एम.ए. (अर्थशास्त्र)	विगतमा : - साविकको पश्चिमाञ्चल डेभलपमेन्ट बैंक लिमिटेडमा १ वर्ष ५ महिनाको कार्य अनुभव। - श्री कामना सेवा विकास बैंक लिमिटेडमा ११ वर्ष २ महिनाको कार्य अनुभव। - व्यक्तिगत तथा व्यावसायिक पेशा र बैंक तथा वित्तीय संस्था सँग सम्बन्धी क्षेत्रमा ५ वर्ष बढी प्रशिक्षण कार्यको अनुभव। - श्री आवाज बचत तथा ऋण सहकारी संस्था लि. मा ६ वर्षको कार्य अनुभव। - श्री स्कलर्स उच्च मा.वि. कलेजमा ५ वर्ष अध्यापनको कार्य अनुभव। हाल : - गरिमा क्यापिटल लिमिटेडमा २ वर्ष भन्दा बढीको कार्य अनुभव।
४	श्री जिवन पुन	प्रमुख - अनुसन्धान तथा प्रोडक्ट विभाग	३३	चार्टर्ड फाइनान्सियल एनालिस्ट (सि.एफ.ए.) ए.सि.सि.ए (अफिलिएट)	विगतमा : - एस. मनोज अग्रवाल एण्ड एसोसिएट्स, चार्टर्ड एकाउण्टेण्ट्समा ९ महिनाको कार्य अनुभव। - एस. आनन्द एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेण्ट्समा २ वर्ष ३ महिनाको कार्य अनुभव। - ग्लोबल आइ.एम.ई. क्यापिटल लिमिटेडमा १ वर्षको कार्य अनुभव। हाल : - गरिमा क्यापिटल लिमिटेडमा ५ वर्ष भन्दा बढीको कार्य अनुभव।
५	श्री प्रथम घिमिरे	प्रमुख-वित्त तथा योजना विभाग	२५	चार्टर्ड एकाउन्टेन्सी	विगतमा : - देव एसोसिएट्स, चार्टर्ड एकाउण्टेण्ट्समा मा ३ वर्षको इन्टर्नसिप। - यु.आर.पी एण्ड एसोसिएट्स, चार्टर्ड एकाउण्टेण्ट्समा एक वर्ष भन्दा बढीको कार्य अनुभव। हाल : - गरिमा क्यापिटल लिमिटेडमा करिब ६ महिनाको कार्य अनुभव।

११. योजना व्यवस्थापकको विगत तीन वर्षको लेखापरीक्षण भएको वासलात तथा नाफा नोक्सान हिसाब विवरण:

योजना व्यवस्थापकको विगत तीन आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात तथा नाफा नोक्सान हिसाब विवरण देहाय बमोजिम रहेको छ :

वासलात

(रुपैयाँमा)

विवरण	आ.व. २०७९/०८०	आ.व. २०८०/०८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३ (आश्विन मसान्त सम्म)
सम्पत्ति				
नगद तथा नगद समान	३,८२५,६६७.६२	२,२८३,६२४.८१	३,३८५,२२०.७०	४,९६०,४३९.३०
बैंक तथा वित्तीय संस्थाको मुद्दती निक्षेपमा लगानी	१५,०००,०००.००	-	-	-
कर्जा तथा सापटी	९,३७५,४७७.४८	-	-	-
धितोपत्रमा लगानी	१२९,९५२,१२२.३३	२१९,०७९,८४२.५०	२३१,५५५,२७०.२३	२०३,४९२,६६८.११
चालु कर सम्पत्ति	५,७५५,०५६.३५	१०,९५१,०६०.५४	१६,९०१,१७७.२७	१७,२४४,६५८.०५
सम्पत्ति तथा उपकरण	१२,५०२,२११.८२	१०,२१८,५२४.८५	७,७७८,७४३.७५	७,२८१,५३३.४८
ख्याति र अमूर्त सम्पत्ति	४२९,११६.७७	१,०२७,८१४.९१	१,८७६,०४४.९७	१,८३१,५४०.११
पूँजीगत कार्य प्रगति (Capital Work In Progress)	-	-	-	(४,०५४,५९३.८८)
स्थगन कर सम्पत्ति	१५,७०६,१२०.१३	१३,५०८,१०७.११	५५,५६३,६६८.८२	४६,९७७,३१०.४५
अन्य सम्पत्ति	४१,०३१,८०९.२८	६०,१३६,४४३.१२	-	५,९६०,४३९.३०
कुल सम्पत्ति	**२३५,१४०,६८४.७८**	**३१८,२१६,२४९.६४**	**४१७,०११,१२८.७७**	**३७८,८४२,५५१.६३**
दायित्व				
तिर्न बाँकी कर्जा सापटी	-	४८,९५१,२८२.६९	९८,५८७,८१८.६६	८०,५२९,७५४.८२
चालु कर दायित्व	-	-	-	-
स्थगन कर दायित्व	-	-	२,५३२,९९९.७३	-
अन्य दायित्व	३५,५८६,४५९.५७	६२,५३५,२६१.९८	६७,७२९,६४३.१३	४९,९७०,२९९.८८
कुल दायित्व	**३५,५८६,४५९.५७**	**१११,४८६,५४३.८७**	**१६९,८४२,४६१.५१**	**१३०,५००,०५४.७०
इक्विटी				
शेयर पूँजी	२४२,०००,०००.००	२४२,०००,०००.००	२४२,०००,०००.००	२४२,०००,०००.००
शेयर प्रिमियम	-	-	-	-
संचित मुनाफा	(४४,३३८,३४०.६२)	(४०,८९९,४६६.२२)	(२६,३९९,११४.७५)	(२५,३९९,७०६.३३)
जगेडा तथा कोषहरु	२,८९२,५७५.८३	४,६२१,०७२.००	३१,५६८,४५२.००	३१,७४२,२०३.२६
शेयरधनीहरुलाई बाँडफाँट योग्य कुल इक्विटी	**१९९,५५४,२२५.२१**	**२०६,७२९,६०५.७८**	**२४७,२१८,६६७.२४**	**२४८,३४२,४९६.९३**
कुल दायित्व र इक्विटी	**२३५,१४०,६८४.७८**	**३१८,२१६,२४९.६४**	**४१७,०११,१२८.७७**	**३७८,८४२,५५१.६३**
प्रति शेयर नेट वर्थ	**८२.४६**	**८५.४३**	**१०२.१६**	**१०२.६२**

नाफा नोक्सान हिसाब विवरण

(रुपैयाँमा)

विवरण	आ.व. २०७९/०८०	आ.व. २०८०/०८१	आ.व. २०८१/०८२	आ.व. २०८२/८३ (आश्विन मसान्त सम्म)
शुल्क तथा कमिसन आम्दानी	१७,७७३,२७१.४४	२१,४७४,९०७.६०	४५,०६०,४१२.४४	१३,५८०,४७९.८३
शुल्क तथा कमिसन खर्च	(२,४११,१६९.३६)	(४,५४९,७८१.४१)	(५,५५९,३९०.२७)	(२,२४०,९२८.२१)
खुद शुल्क र कमिसन आम्दानी	**१५,३६२,१०२.०८**	**१६,९२५,१२६.१९**	**३९,५०१,०२२.१७**	**११,३३९,५५१.६२**
धितोपत्र बिक्रीबाट आम्दानी	७,४१२,५५४.८०	१७,९४२,४८६.५४	२३,९९९,१४०.७२	७२२,१४१.४६
अन्य व्यापारिक आम्दानी	१,१७०,१०२.२६	४२१,६२९.६०	४०४,७४७.५४	५६५,५५५.३०
जम्मा व्यापारिक आम्दानी	**८,५८२,६५७.०६**	**१८,३६३,११६.१४**	**२४,४०३,८८८.२७**	**१,२८७,६९६.८३**
ब्याज आम्दानी	५,४८४,९६२.२१	५,६६४,६६६.२७	४,७०१,५३०.१९	१,१६३,७८८.४६
ब्याज खर्च	(३,४३०,४८३.२२)	(४,७८६,७७७.४०)	(१०,७४६,९०८.०४)	(२,४६९,००३.०७)
खुद ब्याज आम्दानी	**२,०५४,४७९.०५**	**(१,१२२,०९०.२३)**	**(६,०४५,३७८.८५)**	**(१,३०५,२१४.६१)**
गैर-सञ्चालन आम्दानी	१९६,१२९.२६	२५,५०७.८५	१,७८४,२३३.८२	-
गैर-सञ्चालन खर्च	-	-	-	-
जम्मा आम्दानी	**२६,१९९,४७८.४५**	**३४,२००,१६०.८७**	**६१,७७७,६५५.६१**	**११,३२१,९८४.६७**
खर्च				
कर्मचारी खर्च	१४,४४४,२२३.२३	१८,८६३,१७४.३५	२४,११०,५३९.०७	६,०३९,७२७.०६
अन्य सञ्चालन खर्च	६,१०१,००७.१७	७,९६३,७१५.४९	७,४०१,२४४.७५	२,२२२,६५४.४९
ह्रासकट्टी र परिशोधन (Depreciation & Amortization)	४,८८८,६३१.८४	४,६०७,१५६.१७	४,६२७,६९९.४७	१,४३०,३६७.३३
जम्मा खर्च	**२५,४३४,०५५.२४**	**३१,६३४,०४४.८४**	**३६,०१९,४०४.८७**	**९,६९२,५४९.९२**
अवास्तविक लाभ/(घाटा) अघिको मुनाफा	(१,१२४,४४२.६९)	२,५६५,११६.०३	२५,७५८,२५०.७४	१,६२९,४३४.७५
धितोपत्रमा अवास्तविक लाभ/(घाटा) [Unrealized Gain/(Loss) on Securities]	(२,३६०,०९०.१७)	३,६५९,४२६.७४	२०,६९६,७४०.६१	-
आय कर अघिको मुनाफा	**(४,४९५,४५६.६६)**	**६,२२४,८४२.७७**	**४२,४५७,९९१.३४**	**१,६२९,४३४.७५**
आयकर खर्च				
चालु कर खर्च	-	-	७,९६१.००	(७,१०२.०९)
स्थगन कर आम्दानी/(खर्च)	१,६१९,६३१.८६	(१,२२०,३३२.२२)	१४,४१६,८२०.६३	५१२,४१८.९५
यस अवधिको मुनाफा	**(२,८७६,११५.१०)**	**४,९८७,५१०.५६**	**३६,९३३,२३३.७१**	**१,१२३,६२९.६६**
भारित औसत (वार्षिक) प्रति शेयर आम्दानी (EPS)	**(१.१९)**	**२.०६**	**१५.२६**	**०.४६**

१२. कोष सुपरिवेक्षकको व्यवसायिक अनुभव, मुख्य पेशा व्यवसाय तथा हाल कायम रहेको जिम्मेवारी :

क्र.सं.	नाम	व्यवसायिक अनुभव	मुख्य पेशा व्यवसाय	हाल कायम रहेको जिम्मेवारी (कोष सुपरिवेक्षकको अलावा)
१.	श्री शंकर प्रसाद कोइराला	- मन्त्री - अर्थ, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय (२०६९/१२/०५ देखि २०७०/१०/२८ सम्म)। - सचिव, निर्वाचन आयोग (२०६८/०८/०१ देखि २०६९/०४/१७ सम्म)। - सचिव, नेपाल गुणस्तर तथा नापतौल विभाग (२०६८/०१/३० देखि २०६८/०७/३० सम्म)। - सचिव, नेपाल ट्रष्टको कार्यालय (२०६७/१०/०३ देखि २०६८/०१/२९ सम्म)। - सचिव, उर्जा मन्त्रालय (२०६४/०८/०४ देखि २०६७/१०/०२ सम्म)। - सचिव, सामान्य प्रशासन मन्त्रालय (२०६४/०६/२४ देखि २०६४/०८/०३ सम्म)। - सहसचिव, सूचना तथा सञ्चार मन्त्रालय (२०६३/०४/२२ देखि २०६४/०६/२३ सम्म)। - सहसचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय (२०५४/१०/०६ देखि २०६३/०४/२१ सम्म)। - सहसचिव, सामान्य प्रशासन मन्त्रालय (२०५३/०३/२४ देखि २०५४/१०/०५ सम्म)। - शाखा अधिकृत, नेपाल सरकार, विभिन्न मन्त्रालय तथा विभाग (२०४४/०४/०१ देखि २०५३/०३/२३ सम्म)।	नेपाल सरकारको मन्त्री तथा निजामती सेवा	हाल कुनै संस्थासँग आबद्ध नरहेको।
२.	श्री बाबुराम रेग्मी	- न्यायाधीश, पुनरावेदन अदालत र उच्च अदालत (२०६६ भदौदेखि २०७७ पौषसम्म)। - अध्यक्ष, विशेष अदालत (२०७४ आषाढदेखि २०७६ भाद्रसम्म)। - सहसचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय (२०५६ देखि २०६६ सम्म)। सोही अवधिमा करिब ८ वर्ष - सञ्चालक, नेपाल धितोपत्र बोर्ड। - उपसचिव, नेपाल सरकारको कानून, न्याय र संसदीय मामिला मन्त्रालय (२०५० देखि २०५६ पौषसम्म)।	न्यायाधीश तथा निजामती सेवा	- आजिवन सदस्य - न्यायाधीश समाज, नेपाल। - सदस्य - नेपाल कानून समाज।
३.	श्री रामजी रेग्मी	- सञ्चालक, नेपाल राष्ट्र बैंक (२०७४/०१/०३ देखि २०७९/०१/०२ सम्म)। - अध्यक्ष, नेपाल स्टक एक्सचेन्ज लिमिटेड - २ वर्ष - सन् २०१५ देखि सन् २०१७ सम्म। - कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक (२०६४/०५/०९ देखि २०७१/०५/०८ सम्म)। - अन्य विभिन्न पदमा कार्यरत, नेपाल राष्ट्र बैंक (२०४१/०८/११ देखि २०६४/०५/०८ सम्म)।	बैंकिङ्ग तथा धितोपत्र क्षेत्र	हाल कुनै संस्थासँग आबद्ध नरहेको
४.	श्री जलेश्वर पाण्डे	- सञ्चालक, गरिमा क्यापिटल लि. (२०७४/०७/२१ देखि २०७८/१२/१४ सम्म)। - संस्थापक अध्यक्ष, गरिमा विकास बैंक लि. (२०६४/०४/२२ देखि २०७१/०३/०७ सम्म)। - प्रधानाध्यापक तथा क्याम्पस प्रमुख, Pioneers Higher Education Academy (२०५५/०४/०१ देखि २०७२/१२/१५ सम्म)।	बैंकिङ्ग, मर्चेन्ट बैंकिङ्ग तथा शिक्षा क्षेत्र	हाल कुनै संस्थासँग आबद्ध नरहेको
५.	श्री अच्युत राज जोशी	- प्रोप्राइटर, ए. आर. जोशी एण्ड कं., चार्टर्ड एकाउण्टेण्ट्स (२०७३/११/२३ देखि हालसम्म)। - डाइरेक्टर कर्पोरेट अफेयर्स तथा कम्पनी सचिव, काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल (२०७०/०८/१६ देखि २०७२/११/१० सम्म)। - प्रमुख वित्त अधिकृत तथा कम्पनी सचिव, स्मार्ट टेलिकम (२०६५/०८/०१ देखि २०७०/०८/१६ सम्म)। - सहायक निर्देशक, नेपाल राष्ट्र बैंक (२०५९/१२/२० देखि २०६५/०७/२० सम्म)।	लेखापरीक्षण, बैंकिङ्ग, स्वास्थ्य, शिक्षा तथा दूरसञ्चार क्षेत्र	प्रोप्राइटर, ए. आर. जोशी एण्ड कं., चार्टर्ड एकाउण्टेण्ट्स

१३. योजना सम्बन्धमा कोष सुपरिवेक्षकको भूमिका :

योजना सञ्चालन सम्बन्धमा कोष सुपरिवेक्षकको भूमिका देहाय बमोजिम हुनेछ :
१. योजना सञ्चालन गर्न नेपाल धितोपत्र बोर्डको स्वीकृतिका लागि विवरण पुस्तिका पेश गर्नु अघि विवरण पुस्तिकाको सत्यता सम्बन्धमा अध्ययन गरी स्वीकृतका लागि पठाउन अनुमोदन गर्ने,
२. योजना व्यवस्थापकले प्रचलित कानून तथा सम्झौता बमोजिम कोषको व्यवस्थापन गरेको छ भन्ने कुरा सुनिश्चित गर्ने,
३. सहभागीको हित संरक्षण गर्ने,
४. योजना व्यवस्थापक तथा डिपोजिटरीको काम कारवाहीको सुपरिवेक्षण गर्ने योजना अन्तर्गतको सम्पत्ती तथा कागजातहरु सुरक्षित साथ राखिए वा नराखिएको सुपरिवेक्षण गर्ने,
५. बोर्डबाट स्वीकृत योजना बमोजिम योजना सञ्चालन भए नभएको सुपरिवेक्षण गर्ने,
६. योजना व्यवस्थापकले राखेको अभिलेख दुरुस्त रहे नरहेको सुपरिवेक्षण गर्ने,
७. योजना सम्बन्धमा प्राप्त गुनासाहरु समाधान भए नभएको सुपरिवेक्षण गर्ने,
८. योजना व्यवस्थापन सम्बन्धी प्रतिवेदन तयार गरी समय समयमा बोर्डमा पेश गर्ने,
९. योजना व्यवस्थापकले समयमा लेखापरीक्षण गराए नगराएको, तोकिए बमोजिमको विवरण सार्वजनिक गरे नगरेको तथा नेपाल धितोपत्र बोर्ड समक्ष पेश गर्नुपर्ने विवरण तथा जानकारी समयमा पेश गरे नगरेको सुनिश्चित गर्ने तथा त्यस्तो नगरेको पाइएमा गर्न लगाउने,
१०. योजनाको धितोपत्र, रकम, ब्याज, लाभांश तथा आम्दानी प्राप्त गर्न वा सहभागीलाई वितरण गर्न निर्देशन दिने,
११. सामूहिक लगानी कोष नियमावली तथा सो अन्तर्गत जारी गरिने निर्देशिकाले तोके बमोजिम योजना व्यवस्थापन सम्बन्धी प्रतिवेदन, योजना व्यवस्थापकको कामकारवाही प्रति द्वितीय पक्ष सन्तुष्ट रहेको प्रमाण, योजना व्यवस्थापकले योजनाको सञ्चालन स्वतन्त्रपूर्वक गरेको तथा सहभागीको हित रक्षा गर्न पर्याप्त कदम चालेको कुराको प्रमाण कागजात आदि तयार गरी तोकिएको समयमा बोर्डमा पेश गर्ने तथा आवश्यकता अनुसार योजनाका सहभागीहरुलाई जानकारी गराउने,
१२. योजना व्यवस्थापकले योजनाको खुद सम्पत्ति मूल्यको सीमा भित्र रही सामूहिक लगानी कोष निर्देशिकामा तोकिए बमोजिम सार्वजनिक निष्काशन गरिएका धितोपत्रको प्रत्याभूति (अन्डराइट) गरे नगरेको सुपरिवेक्षण गर्ने,
१३. बोर्डले तोकिदिए बमोजिमका अन्य काम गर्ने।

१४. योजनाको उद्देश्य:

यस योजनाको उद्देश्य देहाय बमोजिम रहेको छ :-
(क) इकाई बिक्रीबाट संकलित रकम योजना व्यवस्थापकले दक्षतापूर्वक योजनाले तोकेका लगानीका क्षेत्रहरुमा लगानी गरी इकाई धनीहरुलाई उच्च प्रतिफल दिने।
(ख) धितोपत्र बजारको दिगो विकासमा समेत एक संस्थागत लगानीकर्ताको हैसियतमा सघाउ पुर्‍याउने।
(ग) योजनाको खुद सम्पत्ति मूल्यको सीमाभित्र रही सामूहिक लगानी कोष निर्देशिकामा तोकिए बमोजिम सार्वजनिक निष्काशन गरिएका धितोपत्रको प्रत्याभूति (अन्डराइट) गर्ने।
(घ) योग्य संस्थागत लगानीकर्ताको रुपमा कार्य गर्ने।

१५. योजनाले लगानी गर्ने क्षेत्र :

यस योजनाले सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम ३४ र ३६ मा भएको व्यवस्था बमोजिम देहाय बमोजिमको लगानीको सीमा पालना गर्नेछ :-

नियम ३४ मा भएको व्यवस्था बमोजिम योजनाले गर्न सक्ने लगानीका क्षेत्रहरु निम्न बमोजिम हुनेछन् :-
१. बोर्डमा दर्ता भएको धितोपत्र,
२. सार्वजनिक निष्काशन भएको धितोपत्र,
३. धितोपत्र विनिमय बजारमा सूचीकृत धितोपत्र,
४. नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानत वा पूर्ण सुरक्षित हुने गरी सरकारी स्वामित्व वा नियन्त्रणमा रहेको कुनै संस्था वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र, ट्रेजरी बिल तथा मुद्रा बजारका अन्य साधनहरु,
५. बैंक निक्षेप,
६. मुद्रा बजार उपकरण,
७. बोर्डले तोकिदिएको अन्य क्षेत्र।

नियम ३६ मा भएको व्यवस्था बमोजिम योजनाले देहायको सीमाभित्र रही लगानी गर्नेछ :-
(१) नियमावली एवं निर्देशिकाको अधिनमा रही योजनाको रकम देहाय बमोजिमको सीमाभित्र रही गरिनेछ।
(क) कुनै एक संगठित संस्थाको साधारण शेयरमा त्यस्तो संस्थाको कुल चुक्ता पूँजीको दश प्रतिशत भन्दा बढी नहुने गरी, तर संगठित संस्थाको कुल साधारण शेयरमा योजनाको आकारको कम्तीमा बीस प्रतिशत लगानी योजना अवधिभर कायम राखिने छ।
(ख) कुनै एक संगठित संस्थाले निष्काशन गरेको अग्राधिकार शेयर वा डिबेन्चरको बीस प्रतिशत भन्दा बढी नहुने गरी।
(ग) कुनै एक संगठित संस्थाको धितोपत्रमा योजनाको आकार वा लगानी गर्दाको समयमा कायम रहेको खुद सम्पत्ति मूल्यको दश प्रतिशत भन्दा बढी नहुने गरी,
(घ) अन्य सामूहिक लगानी कोष अन्तर्गतको योजनामा योजनाको आकार वा लगानी गर्दाको समयमा कायम रहेको खुद सम्पत्ति मूल्यको दश प्रतिशत भन्दा बढी नहुने गरी,
(ङ) बैंकको मुद्दती निक्षेपमा योजनाको आकार वा लगानी गर्दाको समयमा कायम रहेको खुद सम्पत्ति मूल्यको १५ प्रतिशत भन्दा बढी नहुने गरी, तर, योजनाको निर्धारित अवधि समाप्त हुनुभन्दा बढीमा ६ महिना अगाडि देखि बैंकको मुद्दती निक्षेप राख्न यो व्यवस्थाले बाधा पर्ने छैन,
(च) मुद्रा बजार उपकरणमा योजनाको आकार वा लगानी गर्दाको समयमा कायम रहेको खुद सम्पत्ति मूल्यको दश प्रतिशत भन्दा बढी नहुने गरी।
(२) एउटा सामूहिक लगानी कोष अन्तर्गत संचालित अन्य योजनाको धितोपत्र वा सो कोषको कोष प्रवर्द्धक वा डिपोजिटरीले जारी गरेको धितोपत्रमा लगानी गरिने छैन।
(३) बोर्डले तोकिदिएको अन्य सीमा भित्र रही।

सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम ३६ बमोजिम योजनाको अवधि समाप्त हुनु भन्दा ६ महिना अगाडी देखि इक्वीटीमा गरिएका लगानी क्रमिक रुपमा घटाउँदै अल्पकालीन मुद्दती र मुद्रा बजार उपकरणहरुमा लगानी बढाइनेछ।

द्रष्टव्य: उल्लिखित क्षेत्रमा गरिएको लगानी सामूहिक लगानी कोष नियमावलीको व्यवस्थालाई मध्यनजर गरी प्रतिफलको आधारमा एक क्षेत्रको लगानीलाई अन्य क्षेत्रमा लगानीमा सार्न सकिनेछ।

१६. खुद सम्पत्ति मूल्य गणना तथा सोको प्रकाशन सम्बन्धी व्यवस्था :

(क) खुद सम्पत्ति मूल्य गणना गर्ने विधि :

प्रति इकाई खुद सम्पत्ति मूल्य (Net Asset Value) कायम गर्दा योजनाको मुल्याङ्कन गर्ने मितिमा कायम रहेको सम्पूर्ण सम्पत्तिलाई कुल इकाई संख्याले भाग गरी प्रति इकाई खुद सम्पत्ति मूल्य कायम गरिनेछ। खुद सम्पत्ति मुल्याङ्कन गर्ने सूत्र (Formula) देहाय बमोजिम हुनेछ :

प्रति इकाई खुद सम्पत्ति मूल्य = [मुल्याङ्कन गर्ने मितिमा (लगानीको मूल्य + प्राप्त हुन बाँकी प्रतिफल वा आय तथा अन्य रकमहरु -तिर्न बाँकी दायित्व तथा अपलेखन नगरिएको स्थगन तथा विविध खर्च)] / [मूल्याङ्कन मितिमा योजना अन्तर्गतको कूल इकाई संख्या]

स्पष्टिकरण :
- "लगानीको मूल्य" भन्नाले मुल्याङ्कन गरिने दिनमा योजनाले गरेको लगानीको बजार मूल्य सम्झनुपर्छ।
- "प्रतिफल" भन्नाले योजनाले गरेको लगानीमा प्राप्त प्रतिफल सम्झनुपर्छ।

(ख) खुद सम्पत्ति मूल्य प्रकाशन सम्बन्धी व्यवस्था :

यस योजनाका इकाईहरु बाँडफाँट भएको ७ महिना पश्चात् योजना व्यवस्थापकले प्रथम खुद सम्पत्ति मूल्य निर्धारण गरी सार्वजनिक गर्नेछ। तत्पश्चात् सामूहिक लगानी कोष नियमावली, २०६७ को व्यवस्था बमोजिम दैनिक खरिद बिक्रीलाई सहज तुल्याउन दैनिक रुपमा खुद सम्पत्ति मूल्य गणना गरी योजना व्यवस्थापकको वेबसाइट मार्फत सार्वजनिक रुपमा जानकारी गराइनेछ। साथै, योजना व्यवस्थापकले योजनाको लगानीको विवरण मासिक/त्रैमासिक रुपमा आफ्नो वेबसाइटमा राखी सार्वजनिक गर्ने तथा वार्षिक रुपमा योजनाको लेखापरीक्षण गराई सो सम्बन्धी विवरण सार्वजनिक गर्नेछ। खुद सम्पत्ति मूल्य तथा योजनाको कार्यसम्पादन विवरण सार्वजनिक गर्ने सम्बन्धमा अन्य व्यवस्था प्रचलित कानून तथा नेपाल धितोपत्र बोर्डको निर्देशन बमोजिम हुनेछ।

क्रमशः पृष्ठ ७ मा

क्रमशः पृष्ठ ६ बाट

१७. प्रति इकाई खुद सम्पत्ति मूल्यको गणना तथा वार्षिक प्रतिफल सम्बन्धी विवरण:

(रुपैयाँमा)

विवरण	वर्ष १	वर्ष २	वर्ष ३	वर्ष ४	वर्ष ५	वर्ष ६	वर्ष ७
लगानी	७०६,६७६,६७०	१,१५३,५६२,४५३	१,८७९,५१३,३२७	२,७५७,०८९,४६६	३,७९५,२३६,६९३	५,०२६,४९४,६३३	६,५०७,८३०,०११
बैंक मौज्दात	८७,३२२,४२९	१४६,७९९,९८१	२३९,९९९,०११	३४५,७२२,३०१	४६८,६११,६२१	६१५,३०३,००१	७९०,०९२,८२७
चालु सम्पत्ति	२,५४३,७७४	३,७८८,०३५	६,१४८,८३३	९,९५२,६५२	१४,४८८,०८०	१९,९४२,०९५	२६,३९४,००९
कुल सम्पत्ति (क)	**७९६,५४२,८७३**	**१,३०४,१५०,४६१**	**२,१२५,६६१,१७१**	**३,११२,७६४,४११**	**४,२७८,३२६,३९४**	**५,६६१,७३९,८००**	**७,३२४,३१६,८४५**
चालु दायित्व (कोष व्यवस्थापन, सुपरिवेक्षक तथा डिपोजिटरी शुल्क बाहेक) (ख)	३११,५२५	५३७,४०४	७३८,९२५	७५१,५१५	८४०,८१३	९५६,३५६	१,०००,९०५
खुद सम्पत्ति मूल्य (कोष व्यवस्थापन, सुपरिवेक्षक तथा डिपोजिटरी शुल्क अघिको) (ग = क – ख)	७९६,१३१,३४८	१,३०३,३४७,४९३	२,१२३,३५८,३३३	३,१०६,२६५,०९७	४,२६४,१७७,१२८	५,६३४,३७३,५८८	७,२७७,०१०,७०४
कोष व्यवस्थापन शुल्क दायित्व (घ)	२,३०७,२७८	३,४७६,४२७	५,६४५,७५५	९,०३६,८९७	१३,०६९,६५२	१७,११८,६९७	२३,८२२,०५६
डिपोजिटरी शुल्क दायित्व (ङ)	३०७,६३७	४६३,५२४	७५२,७६७	१,२०४,९०९	१,७४२,६२३	२,२८१,१६०	३,१७६,२७४
सुपरिवेक्षक शुल्क दायित्व (च)	३०७,६३७	३७५,०००	३७५,०००	३७५,०००	३७५,०००	३७५,०००	३७५,०००
खुद सम्पत्ति मूल्य (छ = ग – घ – ङ – च)	**७९३,२२८,७९६**	**१,२९९,२९८,११४**	**२,११८,१४८,७७४**	**३,१०१,३९६,२५०**	**४,२६२,३४८,२८६**	**५,६४०,१००,६८७**	**७,२९६,०५२,६२०**
इकाई संख्या (ज)	६७,६२५,०००	९९,५२५,९७३	१४६,८०६,७००	१९६,०३८,४५०	२४७,४०१,९४७	३००,६८३,९३८	३५४,९०७,२९५
प्रति इकाई खुद सम्पत्ति मूल्य (झ = छ/ज)	**११.७३**	**१३.०५**	**१४.४३**	**१५.८२**	**१७.२२**	**१८.७६**	**२०.५६**
प्रति इकाई नगद लाभांश (ञ)	०.८०	१.००	१.२०	१.४०	१.५०	१.५०	१.७०
लाभांश समायोजन पश्चात् प्रति इकाई खुद सम्पत्ति मूल्य (ट = झ - ञ)	**१०.९३**	**१२.०५**	**१३.२३**	**१४.४२**	**१५.७२**	**१७.२६**	**१८.८६**
सुरु प्रति इकाई खुद सम्पत्ति मूल्य (ठ)	१०.००	१०.९३	१२.०५	१३.२३	१४.४२	१५.७२	१७.२६
प्रति इकाई खुद सम्पत्ति मूल्यमा वृद्धि (ड = ट - ठ)	०.९३	१.१२	१.१८	१.१९	१.३०	१.५४	१.६०
प्रति इकाई जम्मा प्रतिफल (ढ = ञ + ड)	१.७३	२.१२	२.३८	२.५९	२.८०	३.०४	३.३०
लगानीमा कुल प्रतिफल (वार्षिक) (ण = ढ/ठ)	**१७.३०%**	**१९.४०%**	**१९.७५%**	**१९.५८%**	**१९.४२%**	**१९.३४%**	**१९.१२%**

१८. योजनाको मुनाफा वितरणको लक्ष्य :

योजनाले कमाएको खुद मुनाफाको अनुपातमा इकाईको अंकित मूल्यको आधारमा मुनाफा वितरण गरिनेछ। खुद मुनाफा मध्ये संचित मुनाफा (Retained Earning) आवश्यकता अनुसार पुनः लगानी गरिनेछ।

१९. लगानी तथा लाभांशका सम्बन्धमा लागू हुने कर सम्बन्धी व्यवस्था :

नेपाल सरकारले तोकेको प्रचलित कानून बमोजिमको कर सम्बन्धी व्यवस्था लागु हुनेछ।

२०. योजनामा अन्तर्निहित जोखिम तथा सोको व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

(क) सामान्य जोखिम तत्वहरु :

(१) **सामूहिक लगानी कोषमा गरिने लगानी धितोपत्र बजारको जोखिमसँग भरपर्ने हुँदा नाफा हुने तथा सहभागीले लिएको उद्देश्य पूरा हुने कुराको कुनै निश्चितता नहुने सम्बन्धमा** : सामूहिक लगानी कोष अन्तर्गतका योजनाले धितोपत्र बजार लगायत अन्य विभिन्न क्षेत्रमा लगानी गर्ने हुँदा धितोपत्र बजार तथा त्यस्ता लगानीमा निहित जोखिमले यसको प्रतिफलमा समेत प्रत्यक्ष प्रभाव पार्ने भएकाले नाफा हुने तथा सहभागीले लिएको उद्देश्य पूरा हुने कुराको कुनै निश्चितता हुने छैन।

(२) **धितोपत्रमा हुने लगानी जस्तै योजनाको इकाईहरुको खुद सम्पत्ति मूल्य बजार मूल्यको आधारमा घटबढ हुने सम्बन्धमा** : योजनाको खुद सम्पत्ति मूल्य योजनाले गरेको लगानीको मूल्याङ्कनबाट गणना गरिएको हुन्छ। यसको लगानी मध्ये धितोपत्र बजारमा सूचीकृत धितोपत्रहरुमा गरेको लगानीको सम्पत्ति मूल्यमा त्यस्ता धितोपत्रको मूल्यमा हुने उतार चढावले प्रभाव पार्ने हुँदा योजनाको खुद सम्पत्ति मूल्यमा समेत त्यसको प्रत्यक्ष प्रभाव रहने गर्दछ र सोही बमोजिम घटबढ हुने गर्दछ।

(३) **कोष प्रवर्द्धक, कोष सुपरिवेक्षक वा योजना व्यवस्थापकहरुको विगतको कार्यले निजहरुको भविष्यको कामको लागि निर्देशन वा संकेत गर्दैन भन्ने सम्बन्धमा** : योजना व्यवस्थापकले बजारको विद्यमान अवस्थाको विश्लेषण गरी स्वतन्त्र रुपमा योजनाको सञ्चालन तथा व्यवस्थापन गर्ने र प्रचलित कानून बमोजिम यसको हिसाब किताब समेत छुट्टै रुपमा राख्ने र सोको नियमित रिपोर्टिङ गर्ने गर्दछ। योजनाको रकम लगानी गर्दा योजना व्यवस्थापकको दक्षताले योजनाको कार्यसम्पादनको स्तर (Performance Level) निर्धारण गर्ने भए तापनि कोष प्रवर्द्धक संस्था, योजना व्यवस्थापक तथा कोष सुपरिवेक्षकहरुको विगतको कार्यले यस योजनाको नतिजालाई संकेत वा निर्देशन गर्दैन।

(४) **योजनामा कुनै हानी नोक्सानी भएमा कोष प्रवर्द्धकले सोको जिम्मेवारी लिने छैन भन्ने सम्बन्धमा** : योजनाको सञ्चालन तथा व्यवस्थापन प्रचलित कानूनको परिधिभित्र रही योजना व्यवस्थापकबाट गरिने हुन्छ। योजनामा कुनै प्रकारको हानी नोक्सानी भएमा सोको जिम्मेवारी कोष प्रवर्द्धकले लिने छैन।

(५) **यस योजनाले भविष्यमा राम्रो गर्ने र मुनाफा दिने कुराको सुनिश्चितता गर्दैन भन्ने सम्बन्धमा** : यस योजना अन्तर्गत इकाईहरु निष्काशन गरी संकलन गरिएको रकम विभिन्न क्षेत्रमा लगानी गरिने हुन्छ। योजना व्यवस्थापकले आफ्नो दक्षताको उपयोग गरी लगानीको जोखिम कम गर्ने तथा मुनाफा वृद्धि गर्ने तवरले कोषको व्यवस्थापन गर्ने गर्दछ। तथापि, योजनाले भविष्यमा राम्रो गर्ने वा मुनाफा दिने कुराको सुनिश्चितता भने गर्दैन।

(ख) खास जोखिम तत्वहरु :

(१) **प्रस्तुत योजना निश्चित रुपमा मुनाफा फिर्ता दिने वा कुनै बैंक वा बीमाबाट मुनाफाको सुनिश्चितता भए नभएको के हो सो सम्बन्धमा** : यस योजना अन्तर्गत लगानी गर्ने लगानीकर्ताहरुले इकाईको अंकित मूल्यमा लगानी गरेको अनुपातमा योजनाले कमाएको खुद मुनाफाको आधारमा लाभांश पाउने छन्। यस्तो लाभांश योजनाले आफ्नो लगानी बापत प्राप्त गर्ने पूँजीगत मुनाफा, ब्याज, लाभांश, शेयर प्रत्याभूति कमिसन वा सम्पत्तिको मूल्य वृद्धि (Capital Gain) वा अन्य वित्तीय कारोबारबाट प्राप्त भएको आम्दानीबाट दिइनेछ। प्रत्येक आर्थिक वर्षमा योजनाले खुद मुनाफाबाट लाभांश दिने/नदिने निर्णय गर्नेछ। खुद मुनाफाबाट लाभांश कट्टा गरी बाँकी रहेको रकम सञ्चित मुनाफा (Retained Earning) को रुपमा रहनेछ। कुनै वर्ष योजनाको आम्दानीले लाभांश वितरण गर्न नसक्ने अवस्था आएमा सञ्चित मुनाफाबाट लाभांश दिन सकिनेछ। योजनाले हरेक वर्ष मुनाफा दिने सुनिश्चितता भने हुँदैन।

(२) **योजना अन्तर्गतको लक्ष्य प्राप्त गर्नका लागि असर पर्ने तत्वहरुमा सरकारी नीतिहरु, बजारको अवस्था, बजारलाई असर पार्ने तत्वहरु, बजारमा परिवर्तन भैरहने ब्याज दर, व्यवसाय गरिने धितोपत्रको संख्या, राफसाफ गरिने पद्दति आदिले असर पार्ने सम्बन्धमा** : सामूहिक लगानी कोष सम्बन्धी कानूनी व्यवस्था तथा नीतिहरुमा कुनै परिवर्तन भएमा योजना सञ्चालन तथा सोको प्रतिफलमा समेत सोही अनुरुप असर पर्न सक्दछ। साथै, बजारको अवस्था, बजारलाई असर पार्ने तत्वहरुले समेत योजनामा असर पार्न सक्दछ। योजनाले धितोपत्र बजारमा सूचीकृत धितोपत्रमा लगानी गर्ने र बजारको अवस्था हेरी योजनाको नाममा धितोपत्र खरिद बिक्री गर्नुपर्ने हुँदा सोको राफसाफ प्रक्रियाले योजनाको दक्षतामा रकम प्राप्त गर्न लाग्ने समय निर्भर हुन्छ। ढिलो गरी रकम प्राप्त हुने अवस्थामा उक्त रकमबाट आर्जन हुन सक्ने ब्याज आम्दानीमा तलमाथि हुन गई योजनाको आम्दानीमा समेत केही प्रभाव पर्न जाने तथा धितोपत्रको खरिद बिक्री गर्दा ढिला हुन जाँदा बजार जोखिम समेत आकर्षित हुन सक्ने हुन्छ। साथै, सामान्यतया वित्तीय क्षेत्रमा कायम ब्याजदर घटेको अवस्थामा धितोपत्र तथा वित्तीय सम्पत्तिको मूल्याङ्कनमा वृद्धि हुने र बढेको अवस्थामा कम हुन जान सक्ने हुँदा यसको असर समेत योजनाको खुद सम्पत्ति मूल्यमा पर्न जाने हुन्छ।

(३) **रेटिङ्ग कम्पनीले दिएको रायले खुद सम्पत्ति मूल्यको स्थिरताको सुनिश्चितता नगर्ने कुरा सम्बन्धमा** : इक्रा नेपाल लिमिटेडले गरेको रेटिङ सम्बन्धी कार्य यस योजनाको लागि नभई कोष प्रवर्द्धक र योजना व्यवस्थापकको लागि भएकाले सो रेटिङ कम्पनीले दिएको रायले खुद सम्पत्ति मूल्यको स्थिरताको सुनिश्चितता गर्दैन।

(४) **ब्याजदर परिवर्तनबाट हुने जोखिम सम्बन्धमा** : योजनाको कुल रकम मध्ये केही रकम बैंक निक्षेप तथा बण्ड/डिबेन्चरहरुमा समेत लगानी गरिने हुँदा निक्षेपमा प्राप्त हुने ब्याजदरमा परिवर्तन हुँदा योजनाको आयमा समेत असर पर्दछ। सम्पत्तिको मूल्याङ्कन (Valuation) प्रचलित ब्याजदरलाई आधार मानी गरिने हुँदा प्रचलित ब्याजदरमा हुने परिवर्तनले योजना अन्तर्गतको सम्पत्तिको मूल्याङ्कनमा समेत परिवर्तन हुन्छ।

(५) **योजना सुरु गर्ने बेलामा भएको खर्च तथा वार्षिक खर्च आदिले खुद सम्पत्ति मूल्यमा प्रभाव पार्ने सम्बन्धमा** : योजना अन्तर्गतका इकाईहरु बिक्रीका लागि बोर्डमा दर्ता गराउने, विवरण पुस्तिका स्वीकृत गरी बिक्री खुला गर्ने, बिक्री बन्द गर्ने, बाँडफाँट गर्ने, नेपाल स्टक एक्सचेन्जमा सूचीकृत गराई दोस्रो बजारमा कारोबारको व्यवस्था गराउने, सूचीकरण तथा वार्षिक नविकरण गर्ने, योजनाको लेखापरीक्षण गराउने, विज्ञापन गर्ने, कानूनी सेवा लिने, नियामकलाई योजना सम्बन्धी सूचना प्रकाशित गर्ने आदि कार्यका लागि लाग्ने खर्चहरु योजनाको कुल सम्पत्ति मूल्यबाट कट्टा गरी योजनाको खुद सम्पत्ति मूल्य गणना गरिने हुँदा यस्ता खर्चहरुले योजनाको खुद सम्पत्ति मूल्यमा केही प्रभाव पार्दछ।

(६) **इक्वीटी सम्बन्धी जोखिममा यसका उपकरणहरुले कम्पनी र बजार दुवैका जोखिम बोकिरहेका हुन्छन् भन्ने बारे** : इक्वीटीको मूल्यमा बजारको उतार चढाव सम्बन्धी जोखिमका साथै उक्त इक्वीटी उपकरण जारी गर्ने कम्पनीको कार्यसम्पादनको जोखिम समेत रहने हुन्छ। यस्ता उपकरणहरुमा लगानी गर्दा यी दुवै जोखिमहरु रहने भएकाले योजनाले गर्ने सो लगानीमा समेत उक्त जोखिमहरुको प्रभाव रहने गर्दछ।

(७) **ऋण जोखिम भित्र अर्को पक्षको ऋण फिर्ता गर्ने क्षमता तथा इच्छामा निर्भर गर्ने कुरा (जस्तो की सरकारी धितोपत्रमा कुनै जोखिम नरहने कुरा)** : योजनाले सरकारी ऋणपत्रका अतिरिक्त अन्य क्षेत्रले जारी गर्ने ऋणपत्रहरुमा समेत लगानी गर्ने र यस्तो ऋणपत्रमा भएको लगानी फिर्ता हुने विषय ऋणपत्र जारी गर्नेको इच्छा र क्षमतामा समेत निर्भर रहने हुँदा यस्तो ऋणपत्रमा गरेको लगानीमा जोखिम रहन्छ। तर, सरकारी ऋणपत्रमा गरेको लगानी सरह सुरक्षित र जोखिम रहित हुँदैन।

(८) **तरलता जोखिम सम्बन्धमा सो धितोपत्र कति बिक्री गर्न योग्य वा सहज छ, त्यतीनै तरलता आउने बारे** : योजनाले धितोपत्रमा गरेको लगानीलाई तरल सम्पत्तिमा परिणत गर्नका लागि उक्त धितोपत्रको तरलतामा निर्भर रहने हुँदा योजनामा तरलता सम्बन्धी जोखिम रहन सक्छ।

(९) **ब्याजदरमा हुने जोखिम यसको गतिविधिमा निर्भर गर्दछ (जस्तो की सरकारले ऋण लिएमा, मुद्रास्फीती भएमा आदि) भन्ने कुरा बारे** : ब्याजदरमा परिवर्तन हुने जोखिम अर्थतन्त्रमा हुने गतिविधिमा निर्भर गर्दछ। सरकारी ऋण वृद्धि भएमा वा मुद्रास्फीती भएमा सो को असर पर्न सक्छ र यस अवस्थामा ब्याजदरको परिवर्तनबाट हुने जोखिम योजनाको लगानी रकममा समेत पर्न सक्छ।

(१०) **पुनः लगानी जोखिम यथावत रहने कारणमा ब्याजदरमा भएको अनिश्चितताका कारण तथा ऋणपत्रको ब्याजमा कुपन प्राप्त हुने र सोही पुनः लगानीमा प्रयोग हुने हुँदा पुनः लगानी जोखिम बारे** : ऋणपत्रमा तथा बैंक निक्षेपमा गरेको लगानीबाट प्राप्त ब्याज आम्दानी पुनः लगानी गरिने हुन्छ। यदि ब्याजदरमा परिवर्तन भएमा यसरी प्राप्त ब्याज रकम पुनः लगानी गर्दा उत्तिकै प्रतिफल प्राप्त नसकिने जोखिम रहन सक्छ।

(११) **योजना शुरु गर्ने बेलामा भएको खर्च तथा वार्षिक खर्च आदिले खुद सम्पत्ति मूल्यमा प्रभाव पार्ने कुरा** : योजनाका इकाईहरुको निष्काशन तथा बिक्री गर्दा लाग्ने खर्च समेत योजनाले व्यहोर्ने हुँदा सो खर्चले योजनाको खुद सम्पत्ति मूल्यमा असर पार्दछ।

(१२) **योजना अन्तर्गत लगानी गरिने विभिन्न प्रकारका धितोपत्रहरुले विभिन्न प्रकारको जोखिम बहन गर्ने कुरा (जस्तो की सरकारी ऋणपत्रभन्दा व्यापारिक कम्पनीले जारी गरेका ऋणपत्रहरुमा बढी जोखिम रहने कुरा)** : योजनाले विभिन्न प्रकारका धितोपत्रमा लगानी गर्ने हुन्छ। यी धितोपत्रहरुमा शेयर, अग्राधिकार शेयर, डिबेन्चर, सरकारी ऋणपत्र आदि हुन्छन्। यी धितोपत्रहरु प्रकृतिको आधारमा शेयरको तुलनामा अग्राधिकार शेयर तथा डिबेन्चर त्यसपछि सरकारी ऋणपत्र कम जोखिमयुक्त हुन्छन् भने सरकारी ऋणपत्रभन्दा व्यापारिक कम्पनीले जारी गरेका ऋणपत्र जोखिमयुक्त हुन्छन्। योजनाले यस्ता धितोपत्रहरुमा गरेको लगानीमा अनुपात अनुरुपको जोखिम रहन सक्छ।

(१३) **योजनाले लगानी गर्ने अन्य उपकरणहरु जस्तै डेरिभेटिभ्स, फ्युचर, अप्सन आदिमा निहित जोखिमहरु बारे** : योजनाले यस्ता उपकरणहरुमा लगानी गर्ने उद्देश्य राखेको छैन। भविष्यमा यस्ता उपकरणहरुमा लगानी गर्ने अवसर उपलब्ध भएमा नेपाल धितोपत्र बोर्डको स्वीकृतिमा लगानी गर्न सकिनेछ। त्यस्तो अवस्थामा यस्ता उपकरणहरुमा निहित जोखिम तत्वले असर योजनाको जोखिम तथा प्रतिफलमा समेत पर्न सक्छ।

(१४) **योजनाको लगानी परिवर्त्य विदेशी मुद्रा वा सो मा आधारित उपकरणहरुमा लगानी गर्ने भएमा विदेशी मुद्रा विनिमय दरमा आउने परिवर्तनबाट हुने जोखिम बारे उल्लेख गर्ने** : योजनाले यस प्रकारको उपकरणहरुमा लगानी गर्ने उद्देश्य राखेको छैन। भविष्यमा यस्ता उपकरणहरुमा लगानी गर्ने अवसर प्राप्त भएमा नेपाल धितोपत्र बोर्डको स्वीकृतिमा लगानी गर्न सकिनेछ। त्यस्तो अवस्थामा विदेशी मुद्रा विनिमय दरमा आउने परिवर्तनले असर पर्ने जोखिम रहन सक्छ।

(१५) **योजनाको अवधि भर सोको मूल्य वृद्धिको अवसर रहने तर सोको बोनस नपाउने बारे** : योजनाको कार्यसम्पादनको आधारमा योजना अन्तर्गतका इकाईहरुको मूल्य वृद्धि हुने सम्भावना रहन्छ। योजनाले प्राप्त गरेको प्रतिफलको आधारमा इकाईधनीहरुलाई योजनाले नगद लाभांश वितरण गर्न सक्ने अवस्था हुन्छ। तथापि योजनाले बोनस इकाई भने वितरण गर्ने छैन।

(ग) जोखिम व्यवस्थापनको लागि व्यवस्थापन (योजना व्यवस्थापक) को धारणा :

(१) योजनाको लगानीमा हुने जोखिम व्यवस्थापनका लागि कोष व्यवस्थापक सदैव सचेत रही बजारमा उत्पन्न हुने जोखिमहरुको निरन्तर अध्ययन गरी जोखिम व्यवस्थापनका लागि उपयुक्त उपायहरु जस्तै लगानीको आन्तरिक सीमा तोक्ने कार्य, दैनिक रुपमा लगानी गरिएका कम्पनी तथा धितोपत्रहरुको विश्लेषण गर्ने कार्य, कर्मचारीहरुको प्रयोग गर्ने अधिकारको वर्गीकरण गर्ने कार्य, उच्च व्यवस्थापनको नियमित बैठकबाट जोखिम व्यवस्थापनका लागि सल्लाह र निर्देशन दिने र सोको जानकारी आवश्यकता अनुसार कोष सुपरिवेक्षक र सञ्चालक समितिलाई दिने जस्ता कार्यहरु अवलम्बन गरिनेछ।

(२) सबल तथ्याङ्क प्रणालीको विकास गर्दै पर्याप्त अनुसन्धान अनुसन्धानका लागि छुट्टै अनुसन्धान विभाग खडा गरिएको छ र सो विभागबाट आवधिक (जस्तै: साप्ताहिक, मासिक आदि) रुपमा प्राप्त सिफारिसलाई लगानी व्यवस्थापन विभागले थप अध्ययन तथा विश्लेषण गरी उच्च व्यवस्थापनको सहमतिमा लगानी गर्ने व्यवस्था तथा प्रक्रियाको विकास गरिएको छ।

(३) धितोपत्रमा लगानी गर्नुपूर्व उक्त धितोपत्र र सम्बन्धित कम्पनीको सम्बन्धमा पर्याप्त विश्लेषण (जस्तै: Fundamental Analysis , Technical Analysis, Industry Analysis, Macroeconomic Analysis आदि) गरेर मात्र लगानी सम्बन्धी निर्णय गरिनेछ। यस सम्बन्धमा विविध कोणबाट बहुआयामिक विश्लेषणका लागि उपयुक्त सफ्टवेयर, उपकरण आदिको समेत उपयोग गरिनेछ।

(४) बजारको अवस्था तथा जोखिम पक्षलाई ध्यानमा राखी धितोपत्रमा गरिएको लगानीलाई उपयुक्त समयमा तरल सम्पत्तिमा परिणत गर्ने तथा तरल सम्पत्तिलाई लगानीमा परिणत गर्ने प्रक्रिया निरन्तर अवलम्बन गरिनेछ।

(५) लगानीमा जोखिम न्यूनिकरण गर्न र लगानीमा समयानुकुल प्रतिफल प्राप्त गर्न प्रत्येक लगानीमा रहेको जोखिम तथा प्रतिफलको विश्लेषण गरेर उपयुक्त जोखिम प्रतिफल अनुपातलाई दृष्टिगत गरी कम जोखिम तर धेरै प्रतिफल हुनसक्ने देखिएका विभिन्न उपकरणहरुमा लगानी गर्न र नियमावली, निर्देशिका तथा बोर्डबाट स्वीकृत विवरण पुस्तिकाको अधिनमा रहेर विविधीकरणको प्रक्रिया अवलम्बन गरिने छ।

(६) तरलता व्यवस्थापनमा सदैव उच्च सतर्कता अपनाइनेछ।

(७) जोखिम व्यवस्थापन गर्न संस्थाले देहाय अनुसारको आन्तरिक नियन्त्रण प्रणाली विकास गरेको छ :
(क) सम्पूर्ण कार्य गर्ने एकाधिकार एउटै जना कर्मचारीमा निहित हुने छैन र सम्पूर्ण कारोबार गर्दा कार्यमा तयार गर्ने र जाँच गर्ने प्रणाली लागु गरिने छ।
(ख) लगानी सम्बन्धी निर्णयहरु अनुसन्धान विभाग, लगानी व्यवस्थापन विभाग, र उच्च व्यवस्थापनका पदाधिकारीहरु गरी तीन तहमा विश्लेषण गरेर मात्र लगानी सम्बन्धी निर्णय गरिने छ।
(ग) योजनाको रकमको उपयोग र लगानीमा रहेको अन्तर्निहित जोखिमको सम्बन्धमा सञ्चालक सहितको लगानी समितिमा जानकारी गराईने र केहि सुझाव तथा निर्देशन प्राप्त भए, उक्त सुझाव तथा निर्देशनलाई पालना गरिनेछ।
(घ) लगानी गरिने क्षेत्र तथा लगानीको सीमा आवधिक (परिस्थिति अनुसार मासिक, त्रैमासिक आदि) रुपमा तय गरी सोको अनुशासित कार्यान्वयनमा विशेष जोड तथा निगरानी गरिनेछ।
(ङ) सामूहिक लगानी कोषको सम्पूर्ण कार्यको स्वतन्त्र तवरले आन्तरिक लेखापरीक्षण गरी उक्त प्रतिवेदन योजना व्यवस्थापकको लेखापरीक्षण समिति समक्ष पेश गरिने छ र केहि सुझाव तथा निर्देशन प्राप्त भए उक्त सुझाव तथा निर्देशनलाई पालना गरिनेछ।

२१. इकाईको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था :

(१) योजनाको सम्पूर्ण इकाई बिक्रीका लागि निवेदन प्राप्त भएमा बिक्री खुला राख्नुपर्ने न्यूनतम अवधि व्यतित भएपछि योजना व्यवस्थापक/निष्काशन तथा बिक्री प्रबन्धकले जुनसुकै समयमा सूचना प्रकाशन गरी इकाई बिक्री बन्द गर्न सक्नेछ।
(२) बिक्री खुला भएको निवेदन दिने अवधि तथा बोर्डबाट थप भएको अवधिभित्र इकाई खरिद गर्न निवेदन प्राप्त भएमा इकाईको बाँडफाँट गरिनेछ।
(३) यस विवरण पुस्तिका अनुसार इकाई बिक्री खुला अवधिसम्म पनि आह्वान गरेको न्यूनतम पचास प्रतिशत इकाई खरिद गर्नको लागि आवेदन प्राप्त नभएमा योजना खारेज गरी पन्ध्र दिनभित्र निवेदकहरुको रकम फिर्ता गरिनेछ।
(४) इकाई बाँडफाँट गर्दा यस विवरण पुस्तिकामा उल्लिखित अधिकतम सीमा सम्मको मात्र इकाई बाँडफाँट गरिनेछ। तर, यस विवरण पुस्तिका मार्फत निष्काशन गरिएको भन्दा बढी संख्यामा इकाई माग भएमा निष्काशन गरिएको इकाई संख्याको पच्चीस प्रतिशतसम्म थप गरी इकाई बाँडफाँट गर्न सकिनेछ।
(५) इकाईको बाँडफाँट सम्बन्धी अन्य व्यवस्था प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" बमोजिम हुनेछ।
(६) योजनाका इकाईहरु नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकरण तथा दोस्रो बजार मार्फत कारोबार नहुने हुँदा योजनाका इकाईहरुको बाँडफाँट भएको ३ (तीन) महिना पश्चात् कोष प्रवर्द्धक गरिमा विकास बैंक लि. को तोकिएका कार्यालयहरु, योजना व्यवस्थापक गरिमा क्यापिटल लि. को कार्यालयबाट तथा योजना व्यवस्थापकले तोकेका अन्य वितरकको कार्यालयबाट योजनाको इकाईहरु नियमित रुपमा पुनर्खरिद तथा बिक्री गर्ने व्यवस्था मिलाइनेछ।
(७) योजनाका इकाईहरुको पुनर्खरिद तथा बिक्री गर्दा निम्न बमोजिमको शुल्क लाग्नेछ :
बिक्री शुल्क : कुनै शुल्क नलाग्ने
पुनर्खरिद शुल्क : लागु हुने खुद सम्पत्ती मूल्यको
बिक्री गरेको ६ महिना सम्ममा १.५ प्रतिशत
बिक्री गरेको ६ देखि १२ महिना सम्ममा १.२५ प्रतिशत
बिक्री गरेको १२ देखि १८ महिना सम्ममा १.०० प्रतिशत
बिक्री गरेको १८ देखि २४ महिना सम्ममा ०.७५ प्रतिशत
तत्पश्चात् कुनै शुल्क नलाग्ने।
यो शुल्क पुनर्खरिद मूल्यमा कट्टा गरी बाँकी रकम प्रदान गरिनेछ।
(८) योजनाका इकाईहरुको बिक्री गर्दा निम्नानुसारको प्रक्रिया अपनाइनेछ :
१. आवेदकहरुबाट तोकिएको ढाँचामा बैंक खाता, हितग्राही खाता सहितको निवेदन लिने।
२. लागु हुने प्रति इकाई खुद सम्पत्ती मूल्यको आधारमा लिन चाहेको इकाई संख्या र बिक्री शुल्क बराबरको चेक वा बैंक भौचर लिने।
३. इकाई बिक्रीका लागि आवश्यक प्रकृया पूरा गरी सफ्टवेयरमा प्रविष्टी गर्ने।
४. शुल्क प्राप्त भएको एकिन भए पश्चात् सो दिनको रित पुगेको आवेदन बराबरका इकाईहरु सिडिएस एण्ड क्लियरिङलाई लेखी हितग्राही खातामा राखिदिने व्यवस्था गर्ने।
(९) योजनाका इकाईहरुको पुनर्खरिद गर्दा निम्नानुसारको प्रक्रिया अपनाइनेछ :
१. आवेदकहरुबाट तोकिएको ढाँचामा बैंक खाता, हितग्राही खाता सहितको निवेदन लिने।
२. लागु हुने प्रति इकाई खुद सम्पत्ती मूल्य तथा अवधिको आधारमा पुनर्खरिद गर्नुपर्ने इकाई संख्या र पुनर्खरिद शुल्कस्पष्ट रुपमा उल्लेख गराउने।
३. इकाई पुनर्खरिदका लागि आवश्यक प्रकृया पूरा गरी सफ्टवेयरमा प्रविष्टी गर्ने।
४. सबै कामकारबाही पूरा भएपश्चात सो दिनको रित पुगेको आवेदन बराबरका इकाईहरु सम्बन्धित निक्षेप सदस्यहरु वा सिडिएस एण्ड क्लियरिङ लिमिटेड मार्फत हितग्राही खाताबाट घटाउने व्यवस्था गर्ने तथा निवेदनमा उल्लिखित बैंक खातामा रकम स्थानान्तरण गर्ने व्यवस्था गर्ने।
(१०) योजनाका इकाईहरुको पुनर्खरिद तथा बिक्रीका लागि निवेदन हप्ताभर (कार्यदिन) तोकिएको समय अनुसार लिइनेछ।
(११) योजनाका इकाईहरुको पुनर्खरिद तथा नियमित बिक्री बाँडफाँट भएको ३ (तीन) महिना पश्चात् शुरु हुनेछ तथा सोको लागि वितरकको रुपमा पहिलो चरणमा कोष प्रवर्द्धक गरिमा विकास बैंक लि. को तोकिएको कार्यालयहरु तथा योजना व्यवस्थापक गरिमा क्यापिटल लि. को कार्यालयहरुबाट मात्र कार्य प्रारम्भ गरिनेछ।
दोस्रो चरणमा सामूहिक लगानी कोष निर्देशिका, २०६९ को व्यवस्था अनुसार बैंक वित्तीय संस्था, मर्चेन्ट बैंकरहरु तथा नियमनकारी निकायबाट निर्देश भएका संस्थाहरु मध्येबाट वितरक तोकने सम्झौता गरी सम्बन्धित सबैलाई जानकारी गराए मात्र वितरकको सेवा सुरु गरिनेछ।

२२. आवेदन दिदाँ ध्यान दिनुपर्ने कुराहरु :

१. इकाईधनीले आफूले खरिद गरेको योजनाको इकाई प्राप्त गर्ने, योजनाको कार्यप्रगति सम्बन्धमा जानकारी प्राप्त गर्ने, योजनाले वितरण गरेको लाभांश प्राप्त गर्ने, योजनाको सञ्चालन तथा खारेजी सम्बन्धमा आफ्नो मत राख्ने, योजना सम्बन्धमा आफ्ना गुनासा राख्ने जस्ता अधिकार प्राप्त गर्दछन् भने योजनाले लगानी गरेका कम्पनीहरुको शेयरधनीले प्राप्त गर्ने अधिकार इकाईधनीलाई प्राप्त हुँदैन।
२. योजनाको निष्काशन सम्बन्धी विवरण पुस्तिका, योजना व्यवस्थापकको प्रबन्धपत्र तथा नियमावली तथा अन्य प्रचलित कागजातहरु योजना व्यवस्थापकको कार्यालयमा हेर्न सकिनेछ।
३. कुनै पनि नेपाली नागरिक, गैर आवासीय नेपाली तथा नेपाली संघ-संस्थाले स्वीकृत विवरणपत्र मार्फत जारी गरिने इकाई खरिद गर्नको लागि नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त ASBA सदस्य बैंक तथा वित्तीय संस्थाहरु वा तीनका कुनै पनि शाखा कार्यालयबाट दरखास्त दिन सक्नेछन्।
४. दरखास्तवालाले इकाई खरिदका लागि दरखास्त दिँदा "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" को दफा २४ मा उल्लेख भए बमोजिम देहायका विवरणहरु स्पष्ट रुपमा दरखास्त फाराममा खुलाई ASBA सदस्यहरुले तोकेको ढाँचामा दरखास्त आवेदन दिनु पर्नेछ।
(क) आवेदन फाराममा आवेदकको नाम थर नेपाली/अंग्रेजीमा उल्लेख गर्नु पर्ने।
(ख) आवेदन दिँदा इकाई जारी गर्ने योजनाको नाम, आवेदन गरिएको संख्या, रकम स्पष्ट बुझिने गरी उल्लेख गर्नुपर्ने।
(ग) आफ्नो बैंक खाता र हितग्राही खाता नम्बर सही/स्पष्ट उल्लेख गरिनुपर्ने।
(घ) आवेदकले आफ्नु स्वयंको हितग्राही खाता नम्बर उल्लेख गर्नुपर्ने।
(ङ) आवेदन गरेको निस्सा/प्रमाण, सम्बन्धित संकलन केन्द्र (आस्वा सदस्य बैंक तथा वित्तीय संस्था) सँग अनिवार्य लिनुपर्ने।
(च) बैंक खाता रोक्का भए/नभएको यकिन गर्नुपर्ने।
(छ) एक व्यक्ति वा संस्थाले आफूले खरिद गर्न चाहेको इकाईको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन। यदि एक व्यक्ति वा संस्थाको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ।
(ज) रितपूर्वक प्राप्त नभएको दरखास्त फारामलाई इकाईको बाँडफाँटमा समावेश गरिने छैन र सोको जिम्मेवार दरखास्तवाला स्वयं हुनेछ।
५. धितोपत्र खरिदको लागि दरखास्त दिदाको अवस्थामा वा दरखास्त दिई सकेपछि खरिद गरेको इकाई बापतको रकम भुक्तानी नहुँदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकले निवेदकको इकाई बाँडफाँट रद्द गर्न सक्नेछ र सो कुराको जानकारी सम्बन्धित निवेदकले बुझ्नु पर्नेछ।
६. योजनाको इकाई खरिदका लागि आवेदन दिँदा आवेदन फाराममा आफूले लिन चाहेको इकाई संख्या तथा रकम स्पष्ट रुपमा भरी बुझाउनु पर्दछ। योजनाका इकाईहरु खरिद गर्दा न्यूनतम एक सय (१००) इकाई तथा सो भन्दा माथि दश (१०) अंकको गुणांकमा अधिकतम ५० लाख इकाईसम्म खरिद गर्न सकिनेछ। आवेदन फाराम साथ आवेदन बापतको शत प्रतिशत रकम भुक्तानी गर्नुपर्नेछ।
७. नेपाल धितोपत्र बोर्डबाट सहभागी बैंकको अनुमति प्राप्त बैंक तथा वित्तीय संस्थामा आफ्नो खाता रहेको बैंक वित्तीय संस्थाबाट आस्वा (ASBA) प्रणाली अन्तर्गत मात्र आवेदन गर्न सकिनेछ। सहभागि बैंकहरुले रु. ५,००,०००/- (अक्षरेपी पाँच लाख रुपैयाँ मात्र) वा सो भन्दा बढी दरखास्त दिने आवेदकहरुको स्थायी लेखा नम्बर (PAN) रहेको तथा आवेदन बापत जम्मा गरेको रकम सम्पत्ति शुद्धिकरण ऐनको वर्खिलाफ हुने गरी आर्जन नगरेको भनी उद्घोषण गरेको यकिन गर्नुपर्नेछ।
८. इकाई खरिद गर्नको लागि दरखास्त दिने व्यक्ति स्वयंले आवेदन फाराममा दस्तखत गरी तोकिएको सङ्कलन केन्द्रमा इकाई खरिदको लागि आवेदन बुझाउनुपर्नेछ। यसरी आवेदन फाराममा दस्तखत नगरेको र तोकिएका सङ्कलन केन्द्र बाहेक अन्य स्थानहरुमा आवेदन फाराम बुझाएको आवेदन फारामलाई रद्द गरिनेछ।
९. लगानीकर्ताले इकाईमा लगानी गर्नु अघि यस विवरण पुस्तिकाको राम्ररी अध्ययन गर्नु पर्दछ।

२३. विवरण पुस्तिका तथा दरखास्त प्राप्त गर्ने र निवेदन बुझाउने स्थानहरु

क्र.सं	विवरणपत्र प्राप्त गर्ने संस्थाको नाम र ठेगाना :
१	गरिमा क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाडौं र वेबसाइट : www.garimacapital.com
२	गरिमा विकास बैंक लिमिटेड, लाजिम्पाट, काठमाडौं र वेबसाइट : www.garimabank.com.np
३	नेपाल धितोपत्र बोर्डको वेबसाइटः www.sebon.gov.np/prospectus बाट Download गरी हेर्न सकिनेछ।
	दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान
१	नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी आस्वा (ASBA) सेवामा सहभागी सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरुबाट सी-आस्वा (C-ASBA) प्रणाली मार्फत वा सिडिएस एण्ड क्लियरिङ लिमिटेडद्वारा संचालित अनलाइन पोर्टल "मेरोशेयर" मार्फत आवेदन दिन सकिनेछ।

२४. इकाई बिक्री खुला गरिने मिति तथा अवधि :

नेपाल धितोपत्र बोर्डबाट विवरण पुस्तिका स्वीकृत भएको मितिले दुई महिना भित्र इकाईहरुको बिक्री खुला गरिनेछ। यस विवरणपत्र मार्फत निष्काशन गरिने इकाईहरुको लागि आवेदन दिन पाउने अवधि बिक्री खुला भएको मितिबाट कम्तीमा ४ कार्य दिन तथा अधिकतम १५ दिनको लागि हुनेछ। तर, विवरण पुस्तिकामा गरिएको व्यवस्था अनुसार ४ कार्य दिन भन्दा अगाडी इकाई खरिदको आवेदन लिने कार्य बन्द गर्न सकिनेछ। विवरण पुस्तिका मार्फत निष्काशन गरिने इकाई बाँडफाँट भएको ३ महिना पश्चात् मात्र योजनाले इकाईको पुनर्खरिद तथा बिक्री पुनः सुचारु गरिनेछ र यो प्रक्रिया निरन्तर चालु रहनेछ।

२५. गुनासो सुन्ने र समाधान गर्ने प्रक्रिया :

निष्काशित धितोपत्र सम्बन्धमा लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सोको समाधानका लागि योजना व्यवस्थापक श्री गरिमा क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाडौंमा एक विशेष कक्षको व्यवस्था गरिएको छ। लगानीकर्ताहरुले देहायको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझाव प्रेषित गर्न सक्ने छन्।

गुनासो सुन्ने अधिकारीको नाम : जिवन पुन, कोष व्यवस्थापक, इमेल : mutualfund@garimacapital.com, फोन नं. : ०१-५९७०१७५, ०१-४५२९१४९, ०१-४५२९१५०

निष्काशन तथा बिक्री प्रबन्धक, योजना व्यवस्थापक र डिपोजिटरी :

गरिमा क्यापिटल लिमिटेड
GARIMA CAPITAL LIMITED
(A Subsidiary of GARIMA BIKAS BANK LIMITED)
समृद्धिको सारथी
काठमाडौं -०१, कमलपोखरी, काठमाडौं
फोन नं. : ०१-५९७०१७५, ०१-४५२९१४९/५०
इमेल : info@garimacapital.com, वेबसाइट : www.garimacapital.com